अनुसूची (२)
(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २०७६

मितिः २०७६/०९/१०

भाग–२
दोरम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
३ नं. प्रदेश, नेपाल

## दोरम्बा गाउँ कार्यपालिकाको कार्यालयको सुचना

दोरम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विक्रम सम्वत २०७६ सालको कार्यविधि नं. ३
## किवी खेती प्रवर्द्धनका लागि अनुदान वितरण सम्बन्धमा बनेको कार्यविधि



Scanned with CamScanner

प्रस्तावना :

किवी फललाई आम जनताले स्वादिष्ट फलको रूपमा लिएको र यसको बजार मूल्य उच्च मूल्यमा विक्री हुने फलको रूपमा पहिचान भईरहेको साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा यसको राम्रो माग रहेको छ । दोरम्बा गाउँपालिकाको विभिन्न वडाहरूमा व्यवसायिक खेतीका लागि सुहाउँदो हावापानी भएकोले कृषकहरू किवी खेतीमा आकर्षण बढ्नुका साथै व्यवसायिक खेतीबाट आयआर्जन बढाउने स्रोतको रूपमा किवी फल खेती स्थापित भईरहेको छ । किवी बगान व्यवस्थापनमा सबै भन्दा महत्वपूर्ण तथा खर्चिलो हुने थाका व्यवस्थापनमा कृषकले जोड दिन नसकेको अवस्थामा किवीको बगान व्यवस्थापन नभई गुणस्तरका किवी उत्पादन भएकाले किवी फलको गुणस्तरमा वृद्धि गरी आयात प्रतिस्थापन गर्दै उच्च मूल्यमा फल बेचबिखन गरी कृषकको आयआजर्नमा वृद्धि गर्नुको लागि दोरम्बा गाउँपालिकाबाट यो कार्य विधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "किवी खेती प्रवर्द्धनका लागि अनुदान वितरण कार्यविधि २०७६" रहेको छ ।

(ख) यो कार्यविधि दोरम्बा गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।



### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा

(क) थांका भन्नाले दफा ५ को उपदफा (५) अनुसार न्यूनतम मापदण्ड पुगेको किवी बगानमा प्रयोग हुने सिमेन्टेड पोल सम्झनु पर्छ ।

(ख) मूल्यांकन समिति भन्नाले दफा ६ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ग) साझेदार भन्नाले अनुदानमा किवी बगानमा थांका लिन ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनीलाई सम्झनु पर्दछ ।

### ३. उद्देश्य :

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुने छ ।

(क) किवी खेती भएका स्थानमा बगान व्यवस्थापनमा सहयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ख) किवी फलको व्यवस्थापनमा सहजीकरण गरी गुणस्तरीय उत्पादन मार्फत आयात प्रतिस्थापन निर्यात प्रबन्धन गर्ने ।

## परिच्छेद -२

### ४. कार्यक्रम संचालन विधि :

१. कार्यविधि लागु हुने क्षेत्र यो कार्यविधि दोरम्बा गाउँपालिका अन्तर्गतका वडाहरूमा लागु हुनेछ ।



Scanned with CamScanner

## ५. निवेदन माग तथा कार्यक्रम संचालन :

१. यस कार्यविधि बमोजिम किवी बगानमा थांका व्यवस्थापन गर्न चाहने साझेदार (कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनी) का लागी निवेदन दिन ३० दिनको म्याद दिई दोरम्बा गाउँपालिकाले सार्वजनिक सुचना प्रकाशन गरी निवेदन माग गर्ने छ ।

क) गुठ्ठी जग्गा भएका किसानहरूले मालपोत कार्यालयमा तिरो तिरेको रसिद निवेदन साथ संग्लन गर्नुपर्ने छ ।

२. अनुदान लिन चाहने साझेदारले अनुसुची-२ बमोजिमको निवेदन र सोही अनुसुचीमा माग गरेको कागजात, अनुसुची-३ अनुसारको फारम दोरम्बा गाउँपालिकामा दर्ता गर्नुपर्ने छ ।

३. अनुदान सहयोग लिन चाहने साझेदारको योग्यता देहाय बमोजिम हुनेछ :

क) कम्तिमा २० बोट किवी फल विरूवा हुनुपर्छ ।

ख) थांकामा सिमेन्ट, फलामे रड तथा ग्याल्भनाईज तार किसान आफ्नै खर्चमा राख्ने प्रतिवद्धता पेश गरेको हुनु पर्नेछ ।

ग) थांका व्यवस्थापनमा प्रदान गर्ने अनुदान रकम बाहेक अन्य खर्च साझेदारले व्यहोर्नु पर्छ ।

४. किवी बगानमा लाग्ने थांकाको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछ :

क) थांका, सिमेन्टेडको पोल हुनुपर्नेछ ।

ख) थांका बनाउँदा सिमेन्ट, बालुवा, डन्डी, गिटीको प्रयोग भएको हुनुपर्ने छ । कम्तिमा २ फलामे डण्डी र चुरी प्रयोग भएको हुनुपर्नेछ ।



ग) थांकाको उचाई न्यूनतम ७ फिट हुनु पर्नेछ ।

घ) थांकाको मोटाई/गोलाई न्यूनतम ४४ हुनुपर्छ ।

५. मूल्यांकन समिति :

(१) किवी बगान थांका व्यवस्थापन कार्यक्रमका लागि साझेदार छनौंट देहाय बमोजिम मूल्यांकन समिति हुनेछ ।

| | |
|---|---|
| (क) दोरम्बा गाउँपालिका अध्यक्ष : | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| (ग) आर्थिक विकास समिति संयोजकः | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा : | सदस्य |
| (ङ) कृषि शाखा : | सदस्य सचिव |

समितिले आवश्यक ठानेमा अन्य व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

६. सम्झौता

१. प्रस्ताव स्वीकृती भएका साझेदारले जानकारी प्राप्त भएको १५ दिनभित्रमा दोरम्बा गाउँपालिकामा कृषि शाखामा सम्झौता गर्नु पर्नेछ ।

२. समयभित्रमा सम्झौता गर्न नआएमा क्रमशः दोस्रो,तेस्रो प्राथमिकतामा रहेका साझेदारसँग सम्झौता गर्न सकिनेछ ।

७. भुक्तानी प्रक्रिया :

१. अनुदान रकम भुक्तानी लिन साझेदारले अनुदान सहित सो लगानी तर्फको रकम खर्च भएको संकलन बिल (प्यान/भ्याट) भर्पाइ, कार्य प्रगती विवरण दोरम्बा गाउँपालिकामा पेश गर्नुपर्नेछ । यसरी पेश



Scanned with CamScanner

भएको विवरण र कागजातको आधारमा दोरम्बा गाउँपालिकाको प्राविधिकको अनुगमन प्रतिवेदन तथा सिफारिसको आधारमा दोरम्बा गाउँपालिकाले साझेदारलाई अनुदान रकम भुक्तानी दिनेछ ।

८. विशेष प्राथमिकता :

१. व्यवसायिक बगैंचा लगाएका किसान, समुह, सहकारी, फर्म, कम्पनी र लगाउन चाहने किसानहरूको लागि प्राथमिकता ।

९. अनुगमन तथा मूल्यांकन :

१. यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन दोरम्बा गाउँपालिकाले गर्नेछ ।



## अनुसुची–१

### साझेदारको लागि प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति :..........................

दोरम्बा गाउँपालिकाको आ.व. ..............को स्वीकृती वार्षिक कार्यक्रम अनुसार "किवी खेती प्रवर्द्धनका लागि अनुदान वितरण कार्यविधि २०७६" किवी बगानको लागि थांका व्यवस्थापन गर्न यस दोरम्बा गाउँपालिका अन्तर्गतका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनीले यस सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र दोरम्बा गाउँपालिकामा यस कार्यलयले तोकिएको निवेदन, फारम भरी माग गरेको कागजात सहित निवेदन साथ प्रस्ताव दोरम्बा गाउँपालिकामा दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरू छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराईन्छ ।

तपशिल :

आवश्यक कागजातहरु :

१। रू.१० को टिकट ।
२। जग्गा धनीको लालपुर्जाको फोटोकपी ।
३। नागरिकताको प्रमाणपत्रको फोटोकपी ।
४। कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनी लि. भए सोको प्रमाणपत्रको प्रतिलिपी ।
५। तोकिएको ढाँचाको फाराम भरि पेश गर्ने ।
६। गुठी जग्गा भएका किसानहरूले मालपोत तिरो तिरेको रसिद निवेदन साथ संग्लन राख्नु पर्नेछ ।
७। सम्वन्धित कार्यालयको सिफारिस ।



Scanned with CamScanner

## अनुसुची-२

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दोरम्बा गाउँपालिका कार्यालय,
टोकरपुर, रामेछाप ।

विषय : किवी बगानमा थांका अनुदान उपलब्ध गराई पाऊ ।

मलाई/हामीलाई कृषि क्षेत्रमा उपयोग गर्नको लागि "किवी खेती प्रवर्द्धनका लागि अनुदान वितरण कार्यविधि २०७६" अनुसार मिति ............... प्रकाशन गरिएको सुचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको किवी बगानको थांका प्रारम्भिक छनौटको फारममा भरि यो निवेदन पेश गरेको छु/गरेका छौं ।

संलग्न कागजजातहरु :

१. रू. १० ।- को टिकट टाँस गरेको ।
२. जग्गा धनीको लालपूर्जाको फोटोकपी ।
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
४. कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनी लि. भए सोको प्रमाण पत्रको प्रतिलिपि ।
५. तोकिएको ढाँचाको फारम भरि पेश गर्ने ।
६. गुठी जग्गा भएका किसानहरूले मालपोत तिरो तिरेको रसिद निवेदन साथ संग्लन राख्नुपर्ने छ ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
साझेदारको नाम :
छाप :
सम्पर्क नम्बर :



## किवी फल बगानमा थांका अनुदानमा लिने साझेदारले प्रारम्भिक छनौटको लागि भर्ने फारम :

(क) साझेदारको विवरण :

१. व्यक्ति वा संस्थाको नाम :

२. दर्ता नं.:.................... दर्ता मिति :..............

दर्ता गरेको निकाय :................................................

३. स्थायी ठेगाना :

जिल्ला रामेछाप, दोरम्बा गाउँपालिका, वडा नं. ...... टोल : ..............

४. सम्पर्क नं. :..............................

५. सम्पर्क व्यक्तिको नाम :.......................................,

पद :..................................., मोबाइल नं.......................

६. साझेदारको प्यान नं. :.....................................

७. सदस्य संख्या : महिला :.....................,पुरूषः ..............,

दलित ................जनजाती..................

८. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ...............................

अप्रत्यक्ष......................



Scanned with CamScanner

९. प्राप्त गर्न चाहेको किवी बगानको लागि थांकाको विवरण :

| क्र.सं. | किवी विरूवाको संख्या | थांका संख्या | मूल्य रू | अनुदान रकम रू |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१०. बगान क्षेत्रफल तथा उत्पादन परिमाण तथा उपयोग गर्ने क्षेत्र :

| वर्ष | क्षेत्रफल | उत्पादन | विक्रि मूल्य | आम्दानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



११. किवी बगानमा लाग्ने थांका अनुदानमा लिन म/हामी छनौट भएका किसानहरू उक्त कार्यक्रममा संग्लन हुन सहमत छु/छौं ।

माथि पेश गरेको विवरण ठिक साँचो छ, झुठा भएमा कानुनी कार्बाही भएमा राजी छु/छौं । मलाई/हामीलाई दोरम्बा गाउँपालिकाबाट व्यवस्था भए बमोजिमको अनुदान उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

निवेदकको सही :

मिति :

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner